# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, पुस १ गते २०४० साल (अतिरिक्ताङ्क ४६

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसको उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. आज श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसको यस पुनीत अवसरमा प्रातःस्मरणीय बुबाज्यू स्वर्गीय श्री ५ महेन्द्रमा हामी हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । देश विदेश जहाँ भए पनि आफ्नो राष्ट्रप्रति माया र गर्व गर्ने प्रत्येक नेपाली आजको दिन मौसूफको पवित्र सम्झनाबाट राष्ट्रोत्थानको कार्यमा अझ सक्रिय रहन प्रेरित हुनु स्वाभाविकै हो । नेपाल र नेपालीको भलाइका लागि मौसूफबाट राष्ट्रिय आवश्यकता र चाहना अनुरूप सूत्रपात गरिबक्सेको राजनैतिक व्यवस्थाको औचित्यलाई हाम्रा आफ्नै अनुभव एवम् संसारका घटनाक्रम र परीक्षणहरूले पनि प्रमाणित गरिसकेको कुरा दोहोर्‍याई रहन परोइन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५६

२. हामी सबै नेपालीले स्वतन्त्र रूपले आफ्नो देश र जनताको सर्वाङ्गीण उन्नति गर्नु नै हाम्रो दलविहीन पञ्चायत व्यवस्थाको मूल लक्ष्य रहिआएको छ र यसैको लागि समर्पित हुनु हाम्रो कर्तव्य हो। आफ्ना मौलिकतालाई अरूका राम्रा कुरासमेत टिपी परिष्कृत र सुदृढ गर्दै गौरवशाली र समुन्नत नेपालको निर्माण गर्ने कटिबद्धता र क्रियाशीलताद्वारा हामीले स्वर्गीय बुबाज्यूप्रति सच्चा श्रद्धान्जलि चढाउन सकौं। यही नै हाम्रो हार्दिक कामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।